नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ४, संख्याः १४, भाद्र २२ गते, २०७७ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## अनुगमन कार्यविधि (प्रमथ संशोधन) २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७५।२२

व्यास नगरपालिकाको अनुगमन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. कार्यविधिको नाम "अनुगमन कार्यविधि २०७७" को सट्टा "योजना अनुगमन कार्यविधि २०७७" भन्ने राखिएको छ ।

२. दफा १ (१) यस कार्यविधिको नाम "अनुगमन कार्यविधि २०७७" रहेको छ को सट्टा यस कार्यविधिको नाम "योजना अनुगमन कार्यविधि २०७७" रहेको छ भन्ने राखिएको छ ।

३. दफा २ (क) "कार्यविधि" भन्नाले व्यास नगरपालिकाको अनुगमन कार्यविधि, २०७७ सम्झनुपर्छ को सट्टा "कार्यविधि" भन्नाले व्यास नगरपालिकाको योजना अनुगमन कार्यविधि २०७७" सम्झनुपर्छ भन्ने राखिएको छ ।

४. दफा २ (घ) "अनुगमन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित नगरपालिका स्तरको अनुगमन तथा मूल्यङ्कन समिति सम्झनुर्पछ को सट्ट "अनुगमन समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित वडास्तरीय र नगरस्तरीय अनुगमन तथा मूल्यांकन समिति सम्झनुपर्छ भन्ने राखिएको छ ।

५. दफा ३ (१) (घ) योजना अनुगमन शाखा/उपशाखा प्रमुख-सदस्य सचिव को सट्टा शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख वा निजले तोकेको इन्जिनियर -सदस्य राखिएको छ र दफा ३ (१) (ङ) योजना अनुगमन तथा सूचना प्रविधि उपशाखा प्रमुख वा निजले तोकेको सम्बन्धित उपशाखको कर्मचारी -सदस्य सचिव थप गरिएको छ।

६. दफा ३ (४) पछि ३ (५) नगरपालिका भित्र विभिन्न वडाहरुमा नगरस्तरीय वा वडास्तरीय ५ लाखसम्मका योजनाहरुको अनुगमन गर्ने र योजनाहरुलाई नतिजामूखी बनाउन वडास्तरीय अनुगमन समिति निम्नानुसार रहने छः

(क) वडा अध्यक्ष -संयोजक
(ख) वडा सदस्यहरु -सदस्य
(ग) वडा प्राविधिक -सदस्य
(घ) वडा सचिव -सदस्य सचिव

(६) वडा तथा नगरस्तरीय योजना अनुगमन समितिले हरेक योजनाहरुको अनुगमन गरिसकेपछि अभिलेख राख्न समेतका लागि लिखित निर्णय गर्नुपर्नेछ।

(७) निर्णय पुस्तिकाको प्रतिलिपि सहित भुक्तानीका लागि नगरपालिकामा पेश गर्ने दायित्व सम्बन्धित सदस्य सचिवको हुनेछ

७. दफा ६ (१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन सुविधा प्राप्त गर्ने छन्: (क) तहगत रुपमा निर्धारण गरिएको दैनिक भ्रमण भत्ता बराबरको रकम को सट्टा दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन समितिको पदाधिकारी तथा कर्मचारीहरुले मासिक एउटा बैठकको मात्र नियमानुसार बैठक भत्ता प्राप्त गर्नेछन् भन्ने राखिएको छ।

८. दफा ८ (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसूची १ बमोजिमको प्रतिवेदन एक महिनाभित्र नगर प्रमुख र नगर कार्यपालिका बैठक समक्ष पेश गर्नुपर्नेछ को सट्टा दफा ३ को उपदफा (१) र (५) बमोजिमको समितिले अनुसूची १ बमोजिमको प्रतिवेदन नगर प्रमुख र नगर कार्यपालिका बैठक समक्ष पेश गर्नुपर्नेछ भन्ने राखिएको छ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत